## ्नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का तर्फबाट निर्वाचित
## स्थानीय तहका जनप्रतिनिधीहरुद्धारा जारी
## काठमाडौं प्रतिवद्धतापत्र
## २०७९/०४/०५

हामी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को तर्फबाट पार्टीको घोषणापत्रलाई लिएर स्थानिय तहमा निर्वाचित भएका जनप्रतिनिधीहरु आगामी ५ बर्ष जनता र पार्टीको प्रतिनिधीको रुपमा काम गर्न निम्न लिखित प्रतिबद्धताहरु जाहेर गर्दछौं ।

१. हामी हाम्रो पार्टीको घोषणापत्रमा प्रस्तुत गरिएका प्रतिबद्धतालाई पूर्ण रुपमा कार्यान्वयन गर्न कटिबद्ध छौं ।

२. हामी सादा जीवन, उच्च विचारका साथ जीवन बिताउँदै जनपक्षिय शैली अपनाउन प्रतिबद्ध छौं ।

३. हामी भ्रष्टाचार, ढिलासुस्ती र अनियमितताजस्तो जनविरोधी रोगहरुलाई समाप्त पार्न आ–आफ्नो ठाँउबाट संघर्ष गर्न कटिबद्ध छौं ।

४. हामी आ–आफ्नो कार्यक्षेत्रमा शिक्षा र आधारभुत स्वास्थ्य सेवा सुलभ गराउन प्रतिबद्ध छौं । साथै स्वास्थ्य शिक्षाजस्ता आधारभूत मानवाधिकारको सुनिश्चित गर्न यसमा सार्वजनिक लगानी गराउन प्रतिबद्धता व्यक्त गर्दछौं । समाजवाद निर्माणको अनिवार्य शर्त समग्र मानव विकास भएकाले मानव संशाधन विकासमा लगानी बढाउने कुरा हाम्रो प्राथमिकतामा रहनेछ ।

५. हामी स्थानीय उत्पादनलाई प्रात्साहित गर्नेछौं । कृषि उत्पादन बढाउने र कृषकको उत्पादन बिक्रीको  व्यवस्था गर्न विशेष योजना सञ्चालन गर्नेछौं ।

६. हामी सामाजिक न्याय स्थापना गर्न, सबैखाले विभेदको अन्त्य गर्न र समानता सहितको स्वतन्त्र समाज विकासको लागि कटिबद्ध छौं ।

७. हामी हाम्रो कार्यक्षेत्रबाट युवाहरुको विदेश पलायन रोक्न र स्वदेश मै रोजगारी सृजना गर्न हरसम्भव प्रयास गर्नेछौं ।

८. हामी आ–आफ्नो कार्यक्षेत्रको बजेट र प्राप्त अन्य स्रोत साधनको अधिकतम सदुपयोग गर्नेछौं, आफ्नो स्थानीय तहको बजेटलाई यथासम्भव उत्पादनमुखी र जनमुखी बनाउनेछौं

९. हामी भविष्यमा आइपर्ने विभिन्न खालका विपदका जोखिमहरुको आँकलन गरि विपद जोखिमको पूर्वतयारी गरि विपद व्यवस्थापनमा ध्यान दिनेछौं ।

१०. हाम्रा स्थानीय तहहरु मार्फत बालमैत्री स्थानीय शासन अबलम्बन गर्नेछौं । हाम्रो उपस्थिती भएको स्थानीय तहमा महिला, अपांगता भएका व्यक्ति र जेष्ठ नागरिकको सम्मान तथा सुरक्षामा ध्यान दिनेछौं

साथै फरक पहिचान भएका र तेस्रो लिंगी समुदायका मानिसहरुले समानता र सम्मानपुर्ण व्यवहार पाउनु हुनेछ । श्रमजीवी वर्गलाई लक्षित गर्दै बालस्याहार केन्द्र स्थापना गर्ने काम प्राथमिकतामा राख्नेछौँ ।

११. हामी सार्वजनिक भौतिक संरचना निर्माण गर्दा अपांग मैत्री, र बालमैत्री बनाउनेछौं ।

१२. हामी आ–आफ्नो कार्यक्षेत्रको प्राकृतिक पर्यावरणको सुरक्षा गर्न गाँउ सहर सफा राख्न तथा विकास निर्माणलाई वातावरणमैत्री बनाउन प्रतिबद्ध छौं ।

१३. हामी राष्ट्रिय एकता र जनताका बीचमा मेलमिलाप र साम्प्रदायिक सद्भाव कायम गर्न निरन्तर प्रयत्नशील रहने छौं ।

१४. हामी हाम्रा स्थानीय तहका नागरिकहरुको समस्याको केन्द्र भागमा रहेर हर योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछौं ।

१५. हामी आ आफ्नो स्थानीय तहमा स्रोत साधनको अधिकतम प्रयोग गर्दै निर्यात बृद्धि, आयात प्रतिस्थापन र स्वाबलम्बी अर्थतन्त्र  निर्माणमा प्रतिबद्ध रहनेछौं ।

१६. हामी नेपालको संविधानले निर्दिष्ट गरेको अधिकार र पार्टीको कार्यदिशा अनुरुप स्थानीय तहमा समाजवाद उन्मुख कार्य गर्न प्रतिवद्ध छौं ।